वार्षिक नगर विकास योजना

आर्थिक वर्ष २०८०/०८१

बजेट तथा नीति कार्यक्रम

पथरी शनिश्चरे नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

पथरी, मोरङ

कोशी प्रदेश, नेपाल



स्रोत: स्थलरुप नक्सा (स्केल १:२५०००/१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग, संघीय मामीला तथा स्थानीय विकास मन्त्रालय
तयार पार्ने: स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम।

Projection System: MUTM, Spheroid - Everest 1830
© MOFALD 2017

पथरी शनिश्चरे नगरपालिकाको नक्सा



पथरी शनिश्चरे नगरपालिका
कार्यकारिणी अंग

मोहन प्रसाद तुम्बापो
नगर प्रमुख

देविमाया काफ्ले
नगर उपप्रमुख

भिम कुमार राई
अध्यक्ष-वडा नं. १

नैना राई
अध्यक्ष-वडा नं. २

विजय लिम्बु
अध्यक्ष-वडा नं. ३

लोक नाथ न्यौपाने
अध्यक्ष-वडा नं. ४

चेतेन्द्र खड्का
अध्यक्ष-वडा नं. ५

कृष्ण कुमार बस्नेत
अध्यक्ष-वडा नं. ६

उद्धवराज बस्नेत
अध्यक्ष-वडा नं. ७

नविन कार्की
अध्यक्ष-वडा नं. ८

विर बहादुर राई
अध्यक्ष-वडा नं. ९

जिवन खतिवडा
अध्यक्ष-वडा नं. १०

कल्पना श्रेष्ठ
कार्यपालिका सदस्य

सीता भुसाल दर्जी
कार्यपालिका सदस्य

तुलसा कार्की
कार्यपालिका सदस्य

शान्ता योङहाङ
कार्यपालिका सदस्य

मिना कुमारी तामाङ
कार्यपालिका सदस्य

अन्जना दर्जी
कार्यपालिका सदस्य

पदम बहादुर धिमाल
कार्यपालिका सदस्य

विरध्वज नेपाली सिंवा
कार्यपालिका सदस्य

लक्ष्मी प्रसाद खरेल
प्रमुख प्रशासकीय अधिकृत

मेरो भनाई

संविधान सभाद्वारा जारी भएको नेपालको पहिलो संविधानको अधिनमा सम्पन्न स्थानीय तहको दोस्रो निर्वाचन मार्फत हामीलाई अमुल्य मत दिई पथरी शनिश्चरे नगरपालिकाको विकास र समृद्धि कायम गर्न योगदान गर्ने मौका दिनु भएकोमा सम्पूर्ण पथरी शनिश्चरे नगरपालिका नागरिक प्रति सर्व प्रथम आभार व्यक्त गर्दछु ।

नेपाल राष्ट्रको स्थापना, प्रजातन्त्र, लोकतन्त्र हुँदै संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना गर्ने क्रममा आफ्नो जीवनलाई आहुति दिनु हुने सम्पुर्ण सहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु ।लोकतन्त्रको आधारशिला भनेकै विधिको शासन हो र विधिको शासनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै स्थानीय नेतृत्वको विकासमा गर्न विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत रुपमा अगाडी वढाउन आज हामी लागि परेका छौं ।

स्थानीय सरकार नगरिकको सवैभन्दा नजिकको सरकार हो भन्ने कुरामा कुनै द्विविदा देखिदैन । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तह भित्र पनि जिम्मेदारीका हिसावले वडा समितिमा निर्वाचित जनप्रतिनिधिलाई अझै नजिकको सरकार मानेको छ । त्यसैले १३ औं नगरसभा मार्फत नीति, कार्यक्रम तथा बजेटलाई तर्जुमा गर्दा वडा स्तरमा आमभेला गरी नागरिकका आवश्यकताका आधारमा बजेट विनियोजन गरिएको छ । सिमित स्रोत र साधनलाई समुचित उपयोग गर्दै आ.व. २०८०।०८१ को नीति, कार्यक्रम तथा बजेट पारित गर्दा समावेशी विकासलाई विशेष प्रथमिकतामा राखिएको छ ।कृषि तथा पशुपालन र उद्धमशिलता को माध्यमबाट सीप विकास तथा आयमुलक कार्यक्रमहरु गरी गरिबी न्यूनिकरण गर्न आर्थिक विकासका क्षेत्रमा बजेट बिनियोजन गरेका छौ । स्रोत साधनले भ्याए सम्म शिक्षा, स्वास्थ्य, युवा तथा खेलकुद, पूर्वाधार र वातावरण संरक्षणलाई विशेष ध्यानमा राखि बजेट बिनियोजन गर्ने प्रयत्न गरिएको छ ।सिमित स्रोत र साधन तर असिमित माग, अपर्याप्त जनशक्ति, सुविधा युक्त प्रशासनिक भवनको अभावका बावजुद नगरवासीहरुको आर्थिक, सामाजिक अवस्थामा परिवर्तन ल्याउन हामिले थुप्रै चुनौतीलाई सामाना गर्नुपर्नेछ तर पनि हामी जनताका विश्वासका धरोहर हौ भन्ने कुरालाई सिरोधर गर्दै जनताका हरेक सुख दुखमा सधै साथमा रहने छौ ।

अन्त्यमा, मार्गदर्शन तथा नीतिका आधारमा १३ औं नगर सभाले विभिन्न क्षेत्रमा विनियोजन गरेको बजेटलाई नगरवासी सामु सूचना प्रवाह गर्ने अभिप्रायले दस्तावेजको रुपमा पुस्तक प्रकासन गरि सार्वजनिक गर्न लागिएको छ। यसका लागि नगरसभा सम्पन्न गर्न सहयोग गर्नु हुने उपप्रमुख ज्यू, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिकाका सदस्य ज्यूहरु, वडा सदस्य ज्यूहरु, अहोरात्र खटिनु भएका कर्मचारी मित्रहरु, नागरिक समाज, सञ्चारकर्मि मित्रहरुमा विशेष धन्यवाद र आभार प्रकट गर्दै पुःन यस्तै प्रकारको सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद ।

मोहन प्रासाद तुम्बापो
नगर प्रमुख
पथरी शनिश्चरे नगरपालिका, मोरङ

मेरो भनाई

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको पहिलो संविधान जारी भएपश्चात स्थापना भएका तीन तहका सरकार मध्ये स्थानीय सरकार नागरिकको सवैभन्दा नजिकको सरकार रहेको कुरामा कुनै द्विबिधा देखिदैन।

देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न तथा जनतालाई सार्वभौम एंव अधिकार सम्पन्न वनाउदै स्थानीय तहका अधिकार स्थापीत गर्ने क्रममा भएका विभिन्न आन्दोलनमा प्राण अर्पण गर्नु हुने शहिदहरु प्रति म मेरो अन्तरआत्मादेखि नै भावपूर्ण श्रद्धाञ्ली ब्यक्त गर्दै लोकतन्त्र प्राप्तिका लागी भएका आन्दोलनमा सहभागी हुने क्रममा हुनु भएका घाइते प्रति शीघ्र स्वास्थ लाभको कामना गर्दछु।

राज्य संघीयतामा प्रवेश गरे पश्चात हुन गएको दोस्रो निर्वाचन मार्फत नेतृत्वदायी भूमिका सुम्पनु हुने आम नगरवासी प्रति आदरभाव प्रकट गर्दै तपाईहरुले हामी प्रति देखाउनु भएको विश्वासलाई ईमान्दारीका साथ पालना गर्दछौ भन्ने कुरा सम्पूर्ण नगरसभाका सदस्य मार्फत आम नगरवासीमा प्रतिवद्धता व्यक्त गर्दछु ।

हामीले विगतका नगरसभाले लिएका मुख्य नीति तथा कार्यक्रमलाई निरन्तरता दिदै, भएका कमि कमजोरीवाट पाठ सिक्दै आ.व २०८०/८१ को नीति, वजेट तथा कार्यक्रम पारित गर्दा केन्द्रिय लक्ष्यको रुपमा रहेको दिगो विकासको लक्ष्य अनुरुप गरिवीका सवै स्वरुपहरुको अन्त्य गर्न सक्ने वातावरण मैत्री पुर्वाधार निर्माण ,महिला, वालवालिका, आदिवासी ,जनजाती, मधेशी, मुस्लिम, (भिन्न शारिरिक अवस्था) अपाङ्गता भएका ब्यक्ति, जेष्ठ नागरिक तथा पिछडिएको वर्गको समग्र आर्थिक र सामाजिक स्थितीमा सुधारआउन सक्ने गरी सवै वर्ग र समुदायको प्रत्यक्ष संलग्नतामा सहभागीतात्मक पद्धती मार्फत योजना तथा कार्यक्रमको छनौट गर्ने प्रयत्न गरेका छौं।

अन्त्यमा, १३ औं नगर सभाले विभिन्न क्षेत्रमा विनियोजन गरेको बजेट नीति तथा कार्यक्रमलाई पुस्तकको रुपमा प्रकासन गरी आम नगरिकलाई सूचनाको हक प्रत्याभूति गर्ने कार्यका लागि म अन्तरआत्मादेखि नै प्रशंसा गर्न चहान्छु साथै सभाबाट स्वीकृत योजना कार्यक्रम कार्यान्वयनमा सम्पूर्ण नगरवासी आमा वुवा, दाजुभाई, दिदिवहिनीहरुबाट पूर्ण रुपमा साथसहयोग रहने विश्वास गर्दछु । १३ औं नगर सभा पूर्ण रुपमा सफल बनाउन सहयोग गर्नु हुने नगर सभा सदस्य ज्यूहरु, विभिन्न समितीका सदस्य ज्यूहरु, राष्ट्रसेवकहरु, संचारकर्मी लगाएत सम्पुर्ण नगरवासीमा हार्दिक आभार ब्यक्त गर्न चाहन्छु।

धन्यवाद ।

देवीमाया काफ्ले
नगर उपप्रमुख
पथरी शनिश्चरे नगरपालिका, मोरङ

मेरो भनाई

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२ ले नेपालको केन्द्रीकृत शासन प्रणालीलाई परिवर्तन गर्दै संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको स्वरुपलाई संविधानमै तोकेर अधिकार समेतको प्रष्ट बाँडफाँट गरेकोछ ।सोही संविधानको भावना र मर्म अनुसार नेपाल सरकारले २०७३।११।२७ मा स्थानीय निकायहरुलाई पुनः संरचना गरी गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकालाई स्थानीय सरकारको रुपमा स्थापित गरेको छ । संविधान प्रदत्त अधिकारको परिधिभित्र रही २०७४ सालमा सम्पन्न भएको स्थानीय चुनाव पछि स्थानीय सरकारको पाँच वर्षे कार्यकाल पूरा गरी मिति २०७९ साल वैशाख ३० गते भएको स्थानीय सरकारको दोस्रो निर्वाचनपश्चात निर्वाचित जनप्रतिनिधिहरुको नयाँ नगर सभा मिति २०८०।०३।१० मा सम्पन्न भई सो नगर सभाले पारित गरेको नीति, कार्यक्रम तथा बजेट, आर्थिक ऐन र विनियोजन ऐन लाई समेटेर वार्षिक योजना पुस्तिका प्रकाशन गर्न लागिएको व्यहोरा सम्वद्ध सवै सरोकारवालाहरु समक्ष अवगत गराउन चहान्छु ।

नवनिर्वाचित जनप्रतिनिधिहरुको विगतका नगर सभाले पारित गरी अवलम्बन गरेका नीति तथा कार्याक्रमहरु मध्ये नगर र नगरवासीको हितमा रहेका अधिकांश नीति तथा कार्यक्रमहरुलाई निरन्तरता दिएको छ भने विपन्न नागरिकहरुको लागि निशुल्क स्वास्थ्य विमा सेवा , नगर अस्पतालमा सुत्केरी महिलाको लागि निशुल्क एम्बुलेन्स सेवा , दुःखमा नगरपालिका, दमकल सेवा जस्ता केही नयाँ कार्यक्रम समेत अगाडी सारेको छ । साथै शिक्षा, स्वास्थ्य , कृषि तथा पशुपालन क्षेत्र एवं समावेशी विकासलाई प्राथमिकतामा राखेको छ ।

अन्त्यमा यस नगरपालकिाको आ.व. २०८०/०८१ को नीति, कार्यक्रम र बजेट , आर्थिक ऐन तथा विनियोजन ऐन सहितको यो नयाँ दस्तावेज तयार पार्न दिन रात खटेर सहयोग पुर्‍याउनुहुने कार्यालयका सम्पूर्ण शाखाका शाखा प्रमुखहरु सहित सवै कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु । त्यसैगरी नीति, कार्याक्रम तथा बजेट तयार गर्ने क्रममा सल्लाह सुझाव र निर्देशन दिनुहुने राजनीतिक एवं सामाजिक व्यक्तित्व, बुद्धिजिवी, उद्योगी , व्यपारी , सञ्चारकर्मी लगायत सवै प्रति सम्मान व्यक्त गर्दै तयार भएको सम्पूर्ण दस्तावेजलाई नगर सभाबाट पारित गराई सभा सम्पन्न गराई यो दस्तावेज प्रकाशन तथा कार्यान्वयनको जिम्मेवारी दिनुहुने आदरणीय नगर प्रमुख, नगर उपप्रमुख सहितका सम्पूर्ण कार्यापालिका तथा नगरसभा प्रति आभार व्यक्त गर्दै पथरी शनिश्चरे नगरपालिका र समस्थ नगरवासीको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्न चहान्छु ।

धन्यवाद ।

लक्ष्मी प्रसाद खरेल
प्रमख प्रशासकीय अधिकृत
पथरी शनिश्चरे नगरपालिका, मोरङ

पथरी शनिश्चरे नगरपालिकाको संक्षिप्त परिचय

मोरङ जिल्लाको उत्तर पूर्वी क्षेत्रमा पूर्व पश्चिम राजमार्गसँग जोडिएका साविक पथरी र शनिश्चरे गा.वि.स. लाई मिलाएर वि.सं. २०७१ सालमा पथरी शनिश्चरे नगरपालिका गठन भएको थियो ।नेपाल सरकारबाट स्थानीय तहको पुनःसंरचना गर्ने क्रममा साविक हसन्दह गा.वि.स. लाई समेत मिलाएर मिति २०७३ फाल्गुन २७ गते हालको पथरी शनिश्चरे नगरपालिका स्थापना भएको हो । यस नगरपालिकामा करिब ८० हजार जनसंख्या बसोबास गरेको पाइन्छ ।

भौगोलिक अवस्थिति

अक्षांश :- दक्षिणमा २६.३६ र उत्तरमा २७.३९

देशान्तर :- पश्चिममा ८७.३३ पूर्बमा ८७.९६

सिमाना :- पूर्ब – उर्लाबारी नगरपालिका

पश्चिम :- कानेपोखरी गाउँपालिका

उत्तर :- लेटाङ नगरपालिका

दक्षिण :- सुनवर्षी नगरपालिका

वडा संख्या :- १०

क्षेत्रफल करिब :- ७९.८१ बर्ग कि.मी.

यो नगरपालिका पूर्ब-पश्चिम लोकमार्गको करिब ४ (चार) कि.मि. मा फैलिएको छ । पूर्बमा सुनझोडा खोला र बक्राहा खोला तथा पश्चिममा डाँस मोरङ्गी खोलाले छुट्याएको छ ।यस नगरपालिकाका बासिन्दाको मुख्य पेशा कृषि हो भने अन्यमा ब्यपार, व्यवसाय, रोजगारी लगायत रहेको छ । यस नगरपालिकाभित्र बग्ने पथरीखोला मुख्य सिंचाईको श्रोत हो भने जाल्पा भुल्के देबि मन्दिर क्षेत्रको आसपासमा प्रशस्त सिमसार क्षेत्र रहेको छ, जो पर्यटकीय दृष्टिकोणबाट अत्याधिक महत्वपूर्ण मानिन्छ ।

यस नगरपालिका क्षेत्र भित्र १ नगर अस्पताल, २ स्वास्थ्य चौकी, ७ आधारभूत स्वास्थ्य सेवा केन्द्र रहेका छन भने निजि स्तरबाट समेत अस्पताल/नर्सिङ्ग होम तथा स्वास्थ्य क्लिनिकहरु सञ्चालनमा रहेका छन् ।

साथै यस नगरपालिका क्षेत्रमा एउटा पथरी बहुमुखी क्याम्पस र ऋतम्भरा बहुमुखी क्याम्पस गरी जम्मा २ वटा क्याम्पसहरु सञ्चालनमा रहेका छन् । २७ वटा सामुदायिक विद्यालयहरु, एउटा धार्मिक विद्यालय, ४ वटा समुदायमा आधारित वालविकास केन्द्र, ४१ वटा संस्थागत विद्यालय र २ वटा मन्टेश्वरी सञ्चालनमा रहेका छन् ।

पथरी शनिश्चरे नगरपालिका मोरङको आ.व २०८०/०८१ को

वार्षिक नीति तथा कार्यक्रम

यस गरिमामय १३ औं नगर सभाका सभाध्यक्ष ज्यू तथा

नगरसभाका सदस्य ज्यूहरु,

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको पहिलो संविधान जारी भए पश्चात स्थापना भएका तीन तहका सरकार मध्ये आम नागरिकको सवै भन्दा नजिकको सरकार स्थानीय सरकार रहेको कुरा सवैमा सर्व विदितै छ।

देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न तथा जनतालाई सार्वभौम एंव अधिकार सम्पन्न बनाउदै स्थानीय तहका अधिकार स्थापीत गर्ने क्रममा भएका विभिन्न आन्दोलनमा प्राण अर्पण गर्नु हुने शहिदहरु प्रति सिङ्गो नगरसभाका सदस्यहरुको तर्फवाट म अन्तरआत्मा देखि नै भावपूर्ण श्रद्धाञ्ली ब्यक्त गर्दै लोकतन्त्र प्राप्तिका लागि भएका आन्दोलनमा सहभागी हुनु हुने घाइते प्रति शीग्र स्वास्थ्य लाभको कामना गर्दै परिवारसंगको सामिप्यतावाट अलग हुनु भएका नागरिकहरुलाई चाडै नै परिवारसंग मिलनको अवसर मिलोस भनि ईश्वरसंग प्राथर्ना समेत गर्दछु।

नागरिकका अधिकार स्थापित गर्ने तथा राष्ट्रिय सोचको रुपमा रहेको "समृद्ध नेपाल सुखि नेपाली"को अवधारणालाई साकार पार्न तीन तहका सरकारको आपसी सहयोगात्माक पद्धतिमा काम गर्न हामी पूर्ण कटिबद्ध छौं। नागरिकले प्राप्त गर्नु पर्ने सेवालाई कुसल, प्रभावकारी , मितब्ययिता र सुशासित प्रणालिको माध्यमबाट नगरवासिको घर दैलोमा पुर्याउन हामि जनप्रतिनिधीहरुलाई स्थानीय तहको दोस्रो कार्यकालमा निर्वाचित गरि नेतृत्वदायी भुमिका सुम्पनु हुने सम्पुर्ण पथरी शनिश्चरे नगर क्षेत्रका नगरवासी प्रति आभार प्रकट गर्दै हामी प्रति देखाउनु भएको विश्वासलाई ईमान्दारी पुर्वक पालना गर्ने छौ भन्ने कुरा यस नगरसभा मार्फत नगरवासी तथा संचारकर्मी मित्रहरुमा ब्यक्त गर्न चाहन्छु ।

भौगोलिक र सामाजिक दृष्टिकोणले विविधता रहेको पथरी शनिश्चरे नगरपालिकालाई समृद्ध बनाउन नगरपालिकाले आफ्नो स्रोत र साधनले भ्याए सम्म कानूनी शासन स्थापित गर्न, लैङगिक समानता, समानुपातिक, समावेशीकरण, सहभागिता र सामाजिक न्याय जस्ता कुरालाई समेत मध्य नजर राखी जीवनका सवै क्षेत्रमा बजेटलाई न्योचित विवरण गर्ने प्रयत्न गरिएको छु।

विगत र विगतका क्रियाकलाव जीवनका सिकाईका महत्व पूर्ण पाठहरु हुन ।हामीले विगतका नगरसभा मार्फत गरिएका राम्रा कामलाई निरन्तरा दिदै भएका कमि कमजोरीलाई यस नगरसभा मार्फत वजेटको वितरण प्रणालीलाई धेरै हदसम्म सुधार गर्ने प्रयत्न गरेका छौ। आ. व.२०८०/०८१ को नीति,वजेट तथा कार्यक्रम पारित गर्न यस सभा समक्ष प्रस्तावित बजेटमा मार्फत वातावरण मैत्रि पुर्वाधार निर्माण, महिला तथा वालवालिका, आदिवासी जनजाती, मधेशी मुस्लिम, अपाङगता भएका ब्यक्ति, जेष्ठ नागरिक तथा अन्य लक्षित वर्गको समग्र आर्थिक र सामाजिक अवस्थामा सुधारको सकरात्मक संकेत देखिन सक्ने गरि समुदायको प्रत्यक्ष संलग्नतामा सहभागितात्मक पद्धतीमा आधारित भई योजना तथा कार्यक्रमको छनौट गर्ने प्रयत्न गरेका छौ।

दुई वर्ष अगाडी आएको कोभिडको महामारीले विश्व अर्थ तन्त्रमा आएको सिथिलताको असर नेपालमा पनि नदेखिएको हैन ।देशमा आएको आर्थिक मन्दिका कारण संघ र प्रदेशवाट प्राप्त हुने राजश्व बाँडफाडमा करिव ४०% तथा वित्तिय समानीकरण अनुदानमा १२.५२% ले बजेट कटौति हुँदा आ.व २०७९/०८० मा ११औं नगरसभा मार्फत स्वीकृत भएका योजना तथा कार्यक्रममा दुई पटक सम्म संसोधन गर्नु पर्दा धेरै योजना तथा कार्यक्रममा असर परेको छ साथै १३ औं नगरसभाले स्वीकृत गरेका योजना तथा कार्यक्रमहरुमा संघ तथा प्रदेशवाट गरिने बजेट कटौतीको पुनारावृति दोहोरीदैन भन्ने शुनिश्चिता देखिदैन।

अधिल्लो कार्यकाल देखिनै नगर क्षेत्रमा गौरवको आयोजनाको रुपमा रहेका कतिपय क्रमागत आयोजनामा समेत संघ तथा प्रदेशले समपुरक तथा विशेष अनुदानको रकम विनियोजन नगर्दा क्रमागत योजनालाई निरन्तरता दिन नसकेको तितो सत्य यँहाहरु सवैमा जगजायर भएको विषय रहेको छ तर यस्ता अधुरा क्रमागत गौरवका आयोजनालाई संघ र प्रदेशवाट वजेट माग गरी निर्माण सम्पन्न गर्न विशेष प्रयत्न गरिने कुरा यसै सभा मार्फत सम्पूर्ण नगरवासीलाई विश्वास दिलाउन चाहन्छु।

अव म यस सम्मानित सभा समक्ष क्षेत्रगत रुपमा बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

नगर सभाका सदस्य ज्यूहरु,

संघीय सरकार र प्रदेश सरकारवाट आ.व २०८०/०८१ मा प्राप्त हुने राजश्व बाँडफाँड, वित्तीय समानीकरण अनुदान , समपुरक अनुदान, सशर्त अनुदान चालु तथा पूंजिगत र विशेष अनुदानमा वजेट कटौति गरेका ११ औं नगर सभाले विनियोजन गरेको वजेट भन्दा करिव १०.६६% घटि आकारको वजेट रु ७८,९१,७५,२४३.०० (अठत्तर करोड, एकानब्बे लाख, पचहत्तर हजार, दुइ सय त्रिचालिस) को वजेट प्रस्ताव हुँदा वडा कार्यालयलाई जाने वजेटमा पनि गत वर्षको तुलनामा कम सिलिङ जान पुगेको तितो यथार्थता अवगत गराउन चाहन्छु ।आ.व.२०८०/८१ मा विनियोजन भएको बजेट मध्ये सशर्त अनुदान, समपुरक अनुदान र विषेस अनुदान वाहेक बाँडफाड गर्न मिल्ने आय शिर्षकवाट यस वर्ष प्रशासनिक तथा कार्यक्रम ब्यय शीर्षक तर्फ रु १८,१४,६३,३८०.०० (अठार करोड, चौध लाख, त्रिसठ्ठी हजार, तीन सय, अस्सी), वडा कार्यालयलाई उपलब्ध गराइएको बजेट शिलिङ तथा नगरपालिकामा रहेको बजेट शिलिङ मार्फत शिक्षा क्षेत्रमा रु.२,५७,९६,०००.०(दुई करोड, सन्ताउन्न लाख, छयानव्वे हजार), स्वास्थ्य क्षेत्रमा रु. १,८९,८५,०००.०० (एक करोड, उनानन्बे लाख, पचासी हजार), कृषिको क्षेत्रमा रु.१,४४,१०,६००.००(एक करोड चौवालीस लाख, दश हजार, छ सय),पशु विकासको क्षेत्रमा रु ३९,००,०००.०० (उनान्चालीस लाख), सवै लक्षित बर्गमा रु १,२५,७४,१६६.०(एक करोड, पच्चिस लाख, चौहत्तर हजार, एक सय, छैसाठ्ठी), यूवा तथा खेलकुदको क्षेत्रमा रु ३७,२०,०००.० (सैतिस लाख विस हजार) ,सहकारी, उद्यमशिलता र प्रधानमन्त्री स्वरोजगार कार्यक्रममा रु १७,००,०००.०(सत्र लाख), वन वातावरण तथा संस्थागत सुद्धढिकरणको क्षेत्रमा २६,००,०००.०० (छब्विस लाख) र बाँकी रहेको रकम पूर्वाधार निर्माण मर्मत सम्हार तथा विपद ब्यवस्थापनको क्षेत्रमा विनियोजन भएको छ ।

नगरसभाका सदस्य ज्यूहरु

हामीले आफ्नो सिमित स्रोत र साधनका वावजूद पनि घरविहिन नागरिकलाई आवास योजना सञ्चालन गर्न यस वर्ष **"नगरपालिकाको सहयोग र भर, घर विहिनलाई सुरक्षित घर"** **नामक** कार्यक्रम मार्फत प्राथमिकताका आधारमा घर निर्माण गर्नका लागि रु २०,००,०००.० (विस लाख)विनियोजन गरेका छौ ।संविधानमा मौलिक हकको रुपमा रहेको स्वास्थ उपचारलाई सवै नगरवासी माँझ पुर्याउन सकियोस भन्ने अभिप्रायले **" पारिवारिक विमा विपन्नलाई , सुलव उपचार नागरिक सबैलाई "** **नामक** कार्यक्रम सञ्चालन गर्न स्वास्थ्य विमा कार्यक्रमका लागि रु ४०,००,०००.० (चाली स लाख)विनियोजन गरेका छौं। त्यसै गरी नगर क्षेत्रका वालवालिकाहरु उपचारको अभावमा मृत्यु नहोस भन्ने अभिप्रायले नगरपालिकाको सिफारिसमा सुलव तथा निशुल्क उपचार गराउनका लागि वाल अस्पताल दमकलाई रु १०,००,०००.००(दश लाख) विनियोजन गरेका छौं।त्यसै गरी प्राविधिक शिक्षामा नागरिकका सन्तानको पँहुज वढोस भन्ने दृष्टिकोणवाट **" प्राविधिक शिक्षामा अनुदान, सक्षम जनशक्ति उत्पादन"** **नामक** कार्यक्रम सञ्चालन गर्न श्री भागिरथ मा.वि.लाई रु ८,००,०००.०(आठ लाख) र मदन भन्डारी प्रतिष्ठानलाई रु ५००००.०(पाँच लाख) विनियोजन गरेका छौं। हाल नगरपालिकाको फोहोर ब्यवस्थापन गर्ने कार्य समस्याको रुपमा रहेकोमा अन्य पालिकासंगको सहकार्यमा फोहोर

ब्यवस्थापन लाई दिर्घ कालिन समाधान गर्ने अभिप्रायले विसर्जन स्थल तथा रिसाइक्लिङ प्लान्ट स्थापना गर्न रु ९०,००,०००.०(नब्वे लाख) विनियोजन गरेको छौ।लामो समय देखि यस पालिकाको आफ्नो प्रशासनीक भवन निर्माण गर्न आवश्यक पर्ने जग्गा ब्यवस्थापन तथा भवनको प्रकृया अधि वढाउन रु ७०,००,०००.०(सत्तरी लाख)विनियोजन गरेका छौं।

नगरसभाका सदस्य ज्यूहरु

अव म यस सम्मानित सभा समक्ष आ.व.२०८०/८१ का लागि माथि उल्लेखित विभिन्न योजना तथा कार्यक्रम सञ्चालन गर्न विषयगत क्षेत्रको रुपमा प्रस्ताव गरिएका निति तथा कार्यक्रमलाई प्रस्तुत गर्ने अनुमति चाहन्छु।

सुशासन, संस्थागत विकास तथा सेवा प्रवाह

१. आ.व. २०८०/०८१ को स्वीकृत नीति, बजेट तथा कार्यक्रम अनुरुप बार्षिक कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

२. नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, ०७४ अनुसार स्थानीय तहलाई प्राप्त अधिकारको कार्यान्वयनका लागि आवश्यक ऐन, कानून, कार्यविधि, निर्देशिका, मापदण्डलाई समय सापेक्ष निर्माण र संशोधन गर्दै लगिनेछ ।

३. नगरपालिकाको कार्य सम्पादनलाई छिटोछरितो, गुनासोरहित, प्रविधिमैत्री, शून्य सहनशिलताको नीति अवलम्बन गरिनेछ ।

४. कर्मचारीहरुको सीप, ज्ञान र क्षमता विकासको अभिबृद्धिमा जोड दिई सक्षम र सवल सहित प्रशासनिक तथा प्राविधिक मैत्री क्षमता विकासमा तालिमको व्यवस्था गरिनेछ ।

५. स्थानीय तह संस्थागत स्वमूल्याङ्कन तथा स्थानीय तह वितीय सुशासन तथा जोखिम मूल्याङ्कन प्रणालीलाई थप व्यवस्थित गरिनेछ ।

६. छिमेकी स्थानीय तहवीच साझा सरोकारका विषयमा पहिचान गरि संयुक्तरुपमा कार्यान्वयनका लागि पहल गरिने छ।

७. न्यायीक समितिमा जनशक्ति व्यवस्थापन गरि इजलास तथा मेलमिलाप कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न स्रोत साधनले सम्पन्न बनाई समितिका पदाधिकारीहरु र मेलमिलापकर्ताको क्षमता विकास कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ ।

८. सेवा प्रवाह र विकास निर्माण कार्यलाई पारदर्शी, जवाफ देहिता र उत्तरदायी बनाउन सार्वजानिक सुनुवाई साथै सामाजिक परीक्षण कार्यलाई निरन्तरता दिइनेछ ।

९. नगर क्षेत्र भित्रका जोखिम स्थानहरुमा सि.सि. क्यामरा जडान गरि नगरको शान्ति सुरक्षालाई सुढृढ बनाउने कार्यलाई निरन्तरता दिइनेछ ।

भौतिक पूर्वाधार विकास

१. पूर्वाधारका आयोजना निर्माण गर्दा दिगो बातावरण मैत्री, महिलामैत्री, बालमैत्री, किशोरीमैत्री तथा अपाङ्गमैत्री बनाउन प्रचलित नियम, कानून तथा मापदण्ड बमोजिम गराउने नीति लिइनेछ

२. नगरपालिका भित्र बहु बर्षिय योजनाहरुलाई निरन्तरता दिई आवश्यकता अनुसार बजेट विनियोजन तथा सम्बन्धित निकायमा सिफारिस गर्दै दिगो विकासको लक्ष्य हासिल गर्ने कार्य अगाडी बढाईनेछ

३. सडकमा अनुचित ढंगले राखिएको निर्माण समाग्रीको कारण आगमनमा अवरोध गर्न, बाटो विग्रने र दुर्घटना हुने हुदाँ त्यस्तो ब्यक्ति र निर्माण व्यवसायीलाई कारबाहीको दायरामा ल्याइनेछ ।

४. विकास निर्माणका कामलाई मितब्ययी, गुणस्तरीय एवम तोकिएको समयमा नै सम्पन्न गराउने नीति लिईनेछ । यसको लागि दक्ष जनशक्ति तथा प्रविधिक अनगमनको आवश्यकता पर्ने योजनाहरु ठेक्का प्रकृयाबाट संचालन गर्ने नीति लिईनेछ ।

५. नगरभित्र रहेका सिकर्मी, डकर्मी तथा निर्माण व्यवसायीलाई भूकम्प प्रतिरोधी घर निर्माण सम्बन्धी अभिमुखिकरण तथा भूकम्पीय प्रतिरोधी घर निर्माण कार्यक्रमलाई कढाईका साथ लागू गरिनेछ ।

६. सुरक्षित नागरिक आवास कार्यक्रमलाई थप प्रभावकारी बनाई खरको छानो पूर्ण रुपमा विस्थापित गर्ने नीति लिईनेछ ।

७. नगर क्षेत्रका सार्वजानिक जग्गाको संरक्षण र सम्बर्द्धन गर्ने नीतिलाई प्राथमिकतामा राखिनेछ । वडा समिति, राजनीतिक दल र टोल विकास समितिको सहभागीतामा सर्वजानिक जग्गा संरक्षण र सम्बर्द्धन गरिनेछ ।

वातावरण संरक्षण तथा विपद् व्यवस्थापन

१. विपद व्यवस्थापन तथा जलवायु अनुकुलन सम्बन्धी नीति तथा कार्यक्रमको सहजिकरण, समन्वय र सहकार्यलाई प्रवर्द्धन गर्ने नीति लिईनेछ ।

२. नगर, प्रादेशिक, राष्ट्रिय र अर्न्तराष्ट्रिय वातावरणीय प्रयासहरु र संस्थाहरुबीचको सम्बन्ध, सहयोग र समन्वय कायम गर्दै लगिनेछ ।

३. नगरमा फोहरमैला व्यवस्थापनका लागि अन्तर स्थानीय तहसँग समन्वय गरी फोहोर मैला व्यवस्थापनको उचित नीति लिइनेछ ।

४. अग्नि नियन्त्रण कार्यमा समन्वय तथा सहजीकरणका लागि बारुणयन्त्र सञ्चालन गरिनेछ ।

५. वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धि जोखिम न्यूनिकरणका लागि विपद व्यवस्थापन कोषको स्थापना गरी विपद् व्यवस्थापन तथा वातावरण संरक्षणका लागि आवश्यक वातावरण व्यवस्थापन ऐन, नियमावली वनाइ प्रभावकारी कार्यन्वयन गर्ने नीति लिइनेछ ।

६. वातावरण अनुकुलनका लागि नगरपालिका क्षेत्रभित्र रहेका खाली पर्ती तथा नगरको स्वामित्व हुन सक्ने जग्गाहरुको खोजी गरी नगरको स्वामित्वमा लिने र त्यस्ता खाली जग्गाहरुमा बृक्षारोपण गरिनेछ ।

७. स्वस्थ्य, सफा र स्वच्छ वातावरण राख्न नगरवासीहरुलाई जनचेतनाको अभिबृद्धि गराउन जनचेतना सम्बन्धि कार्यक्रमहरु संचालन गर्ने नीति लिइनेछ ।

८. ध्वनी प्रदुषण नियन्त्रणका लागि ट्राफिक प्रहरी, समाजका अगुवा, बुद्धिजीवीहरुसँगको सहकार्यमा चेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

९. विपद्को समयमा आवश्यक पर्ने एम्बुलेन्स, बारुणयन्त्र, लाईफ ज्याकेट लगायत अन्य महत्वपूर्ण औजारहरुको ब्यबस्था गरिनेछ ।

१०. बर्षादको समयमा बाढी आउँदा हुने धनजनको क्षति न्यूनिकरणका लागि अनुगमन गरी डाँसखोला, बक्राहा खोला, मोरङ्गी खोला, पथरी खोला, लाटी खोला, गोही खोला र केर्खाखोला लगायतका नगरक्षेत्र भित्रका खोलाहरुको आवश्यक ठाउँमा तटबन्धन निर्माणको लागि पहलकदमी लिईनेछ ।

११. नगरभित्र रहेका सम्पूर्ण सामुदायिक वनहरु सँग साझेदारी कार्यक्रम अन्तर्गत पर्यटन प्रवर्द्धन गर्ने नीति लिईनेछ ।

१२. विपदमा परेका नागरिकहरुको तत्काल उद्धार तथा राहत ब्यवस्थापन गर्ने नीति लिइनेछ।

महिला तथा बालबालिका

परिकल्पनाः समतामय सुखि, सम्पन्न समुदाय

१. लैङ्गिक हिंसा न्यूनिकरणका लागि सचेतना अभियानका साथै लैंगिक हिंसा निवारण कोषमा रकम थप गरी परिचालन गरिनेछ।

२. लक्षित वर्गका महिला (दलित, आर्थिक रुपमा विपन्न, विद्यालयको शिक्षा नपाएका, हिंसा पिडित महिलाहरुलाइ आत्मनिर्भर बनाउन आर्थिक शसक्तिकरण कार्यक्रम सञ्चालन गरिनेछ।

३. बाल विवाह, बालश्रममुक्त नगर बनाउने अभियान सञ्चालन, बाल अधिकारको प्रत्याभूत गर्नका लागि बाल अधिकार समिति गठन तथा परिचालन, बालकोषको स्थापना, नगर बाल सञ्जाल गठन, परिचालन तथा तालिम, अभिमुखिकरण लगायतका विविध कार्यक्रम सञ्चालन गरिनेछ ।

४. स्थानीय तहमा बालबालिका हराउने, बेवारिसे फेला पर्ने, बेचबिखन तथा ओसारपसारमा पर्ने, हिंसा, दुर्व्यवहार शोषण तथा अन्य जोखिममा पर्न सक्ने अवस्थालाई मध्य नजर गर्दै बालबालिकाको संरक्षणका लागि नेपाल प्रहरीसँगको सहकार्यमा कार्य सञ्चालन गरिने छ ।

५. बालबालिकासँग सम्बन्धित स्थानीय योजना तथा नीति निर्माण, सहभागिताको अधिकार कार्यन्वयनका लागि बार्षिक स्थानीय बालसभाको कार्यक्रम सञ्चालन गरिने छ ।

६. बालक्लव तथा बालक्लव सञ्जालहरुको क्षमता विकास, दर्ता नविकरण तथा बालबालिकाको नेतृत्वमा विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

७. बालबालिकाको घटना व्यवस्थापन गर्न बालबलिका सम्बन्धि ऐन, २०७५ ले ब्यवस्था गरेको समाजसेवी तथा बालमनोबिज्ञ सेवाका लागि बिशेष तालिम तथा प्रशिक्षण कार्यक्रमको व्यवस्था गरिनेछ ।

८. बाल बिज्याईं गरेका बालबालिकालाइ बालमैत्री अनुसन्धान तथा प्रहरी नियन्त्रणमा राख्नका लागि बालबालिका सम्बन्धि ऐनले व्यवस्था गरे अनुसार नजिकैको प्रहरी कार्यालय सँग समन्वय गरिनेछ। ९.वडास्तरीय तथा नगरस्तरीय एकल महिला समिति गठन गरी सीपमुलक तालिम र बीउपूँजीको ब्यवस्थापन गरी व्यवसायिक बनाइनेछ ।

१०. अपाङ्गता भएका ब्यक्तिहरुलाइ सीपमुलक तालिम प्रदान गरी व्यवसायिक बनाइनेछ ।

११. अपाङ्गता भएका व्यक्तिहरुको आर्थिक तथा सामाजिक विकासका लागि प्रदेश सरकार, स्थानीय तह र साझेदार संस्थाको त्रिपक्षीय लागत साझेदारीमा सञ्चालित अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमको सञ्चालन गरिनेछ ।

१२. ज्येष्ठ नागरिकहरुको संरक्षणका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

१३. किशोरी स्वास्थ्य तथा किशोरी शिक्षा सम्बन्धि शिक्षामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

शिक्षा,युवा तथा खेलकुदः

१. पथरी शनिश्चरे नगरपालिकामा स्वच्छ शैक्षिक वातावरण कायम राख्न तथा शिक्षाको गुणस्तर सुनिस्चित गर्न पाँच वर्षे नगर शिक्षा योजना बनाइ कार्यान्वयनको लागि आवश्यक पहल गर्ने नीति लिइने छ ।

२. विद्यालय शिक्षा क्षेत्र विकास कार्यक्रममा निहित शैक्षिक कार्यक्रमहरु नेपाल सरकार SSDP अन्तर्गत यस न.पा.लाई प्राप्त आर्थिक वर्ष २०८०/०८१ को सशर्त अनुदान शिर्षकको कार्यक्रमलाइ शिक्षा तथा मानव स्रोत विकास केन्द्रवाट तयार गरिएको कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोके बमोजिम परिणाम देखिने गरी कार्यान्वयन गरिनेछ

३. बालविकास केन्द्रका सहयोगी कार्यकर्ता तथा विद्यालय कर्मचारीहरुलाई स्थानीय सरकारले विगत वर्षमा दिएको सेवा सुविधालाइ निरन्तरता दिदै विद्यालय कर्मचारीहरुको सेवा सुविधाको तहगत अनुपातमा मिलान गरिने छ ।

४. मदन भण्डारी स्मृति प्रतिष्ठान रिभल्भिङ्ग फन्ड तथा शैक्षिक क्रियाकलाप सुधारका लागि विश्वनाथ संस्कृत पाठशालाका लागि विगत वर्षमा दिएको अनुदान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

५. नगरपालिकाबाट विगत वर्षमा अनुमती प्राप्त गरी सञ्चालन भएका वालविकास केन्द्रलाई आवश्यक सञ्चालन अनुदान तथा दिवा खाजाको लागि अनुदान दिने व्यवस्था गरिनेछ ।

६. खेलकुद क्षेत्रलाई प्रोत्साहन गर्दै लगिनेछ र स्थानीय तहमा राष्ट्रपति रनिङ्ग शिल्ड कार्यक्रमलाई प्रभावकारी रुपमा संन्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ।

७. आधारभुत तह कक्षा ८ परिक्षा व्यवस्थापन लाई नगर स्तरिय रुपमा व्यवस्थित रुपमा संचालन गरिने प्रयोजनका लागि आवश्यक अनुदानको व्यवस्था गरिनेछ ।

८. सबै सामुदायिक विद्यालयहरुलाई क्रमशः प्रविधिमैत्री बनाउदै लगिने नीति अवलम्वन गरीनेछ ।

९. शैक्षिक वर्ष २०८० साल बाट नँया पाठ्यक्रम लागु भएका कक्षाको पाठ्यक्रम प्रबोधिकरण तथा विद्यालयको तथ्याङ्क IEMIS सम्बन्धि अभिमुखिकरण कार्यक्रम सामुदायिक तथा संस्थागत विद्यालयहरुमा सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

१०. नगरमा सञ्चालित मातृभाषा कक्षा शिक्षणका लागि दिइदै आएको अनुदानलाई थप गरी निरन्तरता दिइने नीति लिइने छ ।

११. सामुदायिक विद्यालयहरुको विद्यमान अवस्थाको पहिचान गरी वालकक्षाका लागि वालमैत्री कक्षाकोठा व्यवस्थापन,विद्यालय छाना मर्मत कार्यक्रम तथा शिक्षणका लागि आवश्यक शैक्षिक सामाग्री व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकता दिने नीति लिइने छ ।

१२. नगरपालिका भित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयरुमा शैक्षिक कार्यक्रममा एकरुपताका लागि नगरमा शैक्षिक क्यालेण्डर निर्माण गरि लागू गरिनेछ ।

१३. स्थानीय पाठ्यक्रममा आधारित कक्षा १- ८ सम्मको पाठ्यपुस्तक लेखन कार्यलाई क्रमशः अगाडि बढाइने छ ।

१४. नगरको एकमात्र उच्च शिक्षा प्रदान गर्ने पथरी बहुमुखी क्याम्पसलाई सञ्चालन तथा व्यवस्थापनका लागि सहयोग उपलब्ध गराइने तथा पूर्णत प्रविधि मैत्रि बनाउने नीति लिइने छ ।

१५. सामुदायिक विद्यालयहरुमा शुद्ध पिउने पानीको व्यवस्थापनका लागि आवश्यक अनुदान रकमको व्यवस्था गर्ने नीति लिइने छ ।

१६. कार्यविधि निर्माण गरी तोकिएका सूचकका आधारमा उत्कृष्ट विद्यालय,शिक्षक तथा विद्यार्थी प्रोत्साहन तथा सम्मान कार्यक्रम सञ्चालन गर्ने नीति लिइने छ ।

१७. संघीय शैक्षिक कार्यक्रम, प्रादेशिक शैक्षिक कार्यक्रम, र स्थानिय तहमा सञ्चालित शैक्षिक कार्यक्रमको प्रभावकारी संचालन तथा कार्यन्वयनका लागि नियमित प्र.अ. तथा वि.व्य.स.अध्यक्षहरुको बैठक संचालन गरी कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१८. भागिरथ मा.वि. मा सञ्चालित ३ वर्षे वालि विज्ञान कार्यक्रमलाई व्यवस्थित गर्न नियमित आर्थिक सहयोग तथा शैक्षिक ऋण उपलब्ध गराई कृषि प्राविधिक उत्पादन गरी कृषि क्षेत्रलाई बढावा दिने नीति लिइने छ ।

१९. नगर भित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा इन्टरनेट र इ- लाइब्रेरीको व्यवस्था सहितको प्रविधि मैत्री पठन पाठनलाई प्राथमिकता दिने नीति लिइने छ साथै नगर शिक्षा ऐन/नियमावली अनुसारको विद्यालयहरुको नियमन, निरीक्षण, सुपरीवेक्षण र अनुगमन गरी विद्यालयहरुको स्तरीकरण गरिने छ ।

२२. विद्यालयहरुमा वाचनालय तथा पुस्तकालयको व्यवस्था, खेलकुद मैदान निर्माण, विद्यार्थी अनुपातमा थप विद्यालय कक्षाकोठा,शौचालय निर्माण,विद्यालय मर्मत र तोकिए बमोजिमको अनुपातमा शिक्षक दरबन्दीको मिलान कार्यलाई क्रमिक रुपमा कार्यान्वयमा ल्याईने नीति अवलम्बन गरिने छ ।

२१. युवाहरुको शारीरिक तथा मानसिक विकासका लागि खेलमैदान निर्माण व्यायामशाला,कभर्डहल,आवश्यक खेलकुद तथा मनोरन्जनका साधनहरुको आवश्यक व्यवस्था मिलाउदै जाने नीति लिइने छ ।

२२. गत वर्षबाट विद्यालय कर्मचारी र सहयोगि कार्यकर्ताहरुका लागि अनिबार्य अवकास स्थानीय तहबाट सम्मान स्वरुप एकलाख र उमेर हद अगावै मृत्यु भएमा एकलाख पचास हजार दिइने व्यवस्थालाई सुविधा सहित निरन्तरता दिइने नीति लिईने छ ।

२३. छात्रासँग उपमेयर कार्यक्रमलाई निरन्तरता दिने नीति लिइने छ ।

सहकारी

१. सहकारीऐन र नियमावलीले निर्देशित गरे अनुसारका शाखालाई आवश्यक पर्ने कार्यविधि, निर्देशिका लगायतका प्रकृया पुरा गरी उपलब्धी हाँसिल गर्ने गरीका विषय विज्ञ लेखा र वडा प्रतिनिधि सहितको अनुगमन समिति बनाई सहकारी अनुगमन गरी आवश्यक प्रक्रिया पुरा गर्न असफल सहकारी संस्थालाई एकिकरणको संघिय नितिअनुरुप नगरमा समेत एकिकरण कार्यलाइ कार्यन्वयन गराउदै लगिने कार्यक्रम संचालन गरिनेछ ।

२. नगरमा रहेका उद्धेश्य अनुरुप दर्ता भएका सहकारीले सोही बमोजिम कार्य सम्पादन गरे नगरेको नियमानुसार सञ्चालन भए नभएको कार्यलाई सघन र नियमित रुपमा निरीक्षण र अनुगमन गर्ने कार्यक्रम संचालन र संस्थाको तथ्यांक अध्यावधिक गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

३. संघिय र प्रदेश मन्त्रालय, बिभाग प्रशिक्षण केन्द्रबाट प्राप्त हुने अनुदान लगाएतका कार्यक्रममा सहकारी संस्थाहरुको समेत संलग्नता गराउन सिफारिस गर्ने कार्यक्रम लाई निरन्तरता दिदै लगिनेछ ।

४. सहकारी क्षेत्रको संस्थागत विकासका लागि सहकारी संस्थाका संचालकहरुको क्षमता विकास लगाएतका सहकारी सँग सम्बन्धित अन्य तालिम कार्यक्रमलाई व्यवस्थित गर्ने गरी प्रशिक्षण, अनुगमन तथा नियमन कार्यलाई प्रभावकारी बनाई सहकारी क्षेत्रमा शुसासन कायम गर्न सहयोगी कार्यक्रम लाई निरन्तरता दिदै लगिनेछ ।

कृषि विकास

१. कृषि सेवा संचालनका लागि निर्देशिका/ कार्यबिधिहरु तथा ऐन निति नियम बनाउनलाई प्राथमिकता दिईनेछ

२. नगरको चालु आ.व को नीति तथा कार्यक्रमले निरन्तरता पाउने गरी कार्यक्रम गरिदै लगिनेछ ।

३. चालु आर्थिक वर्षमा बजेट कार्यान्वयन गर्दाको अनुभवको आधारमा कार्यान्वयन क्षमता समेतलाई विचार गरिनेछ ।

४. हरेक टोल तथा वडाका ब्यबसायीका अनुभव र युवाहरुका सूझावमा एवम आबश्क्तामा आधारित कार्यक्रम गरिदै लगिनेछ ।

५. बजेट तथा कार्यक्रम प्रस्ताव गर्दा प्रदेश तथा केन्द्र सरकारबाट स्वीकृत भएको सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्वन्धी मापदण्डको परिपालना गरिनेछ ।

६. दिगो विकासका लक्ष्य (Sustainable Development Goals) हासिल गर्नमा सहयोग पुग्ने किसिमका कार्यक्रमहरुलाई उच्च प्राथामिकताका साथ कार्यन्वयन गरिदै लगिनेछ ।

७. नगरको दिर्घकालिन सोच आर्गानिक नगर बनाउन टोल, वडा र नगर लाई अर्गानिक बनाउदै समृद्द नगर बनाउने अभियानमा आधारित कार्यक्रम संचालन गरिदै लगिनेछ ।

८. गरिबी न्युनिकरणमा सहयोग पुऱ्याउने, तत्काल रोजगारी उपलब्ध गराउने, छोटो समयमा सम्पन्न भई बढी प्रतिफल दिने, कम लगानीवाट बढी जनसंख्यालाई लाभ पुग्ने, पिछडिएका र सिमान्तकृत समूदाय लक्षित कार्यक्रमलाई प्राथमिकताका साथ कार्यक्रम गरिदै लगिनेछ ।

९. कृषि तर्फ उन्नत विउ विजन व्यवस्थापन कार्यक्रमलाई थप प्रभावकारी रुपमा कार्यन्वयन गरिदै लगिनेछ

१०. रासायनिक विषादी बारेमा मा.वि.स्कुलका छात्रछात्राहरुलाई स्कुल शिक्षा दिने कार्यक्रमलाई थप विस्तार गरिदै लगिनेछ ।

११. "कृषि क्षेत्रको विकास पथरी शनिश्चरे नगरमा रोजगारीको निकास" भन्ने नाराका साथ युवा वर्ग (विदेशबाट फर्केका र स्वदेशमा कृषि उद्यम गर्न चाहने) लाई लक्षित गरी प्रस्तावनामा आधारीत कार्यक्रमहरु समावेश गिरदै लगिनेछ ।

१२. पथरी शनिश्चरेको आबहान रोजगारीको लागी कृषि कार्यक्रम अर्न्तगत प्रस्तावनामा आधारित नगरका कृषकहरुलाई आय आर्जनका कार्यक्रमहरुलाई निरन्तरता दिदै लगिनेछ ।

१३. नगरको सम्पुर्ण क्षेत्र समेटनेगरि माटो शिविर संचालन गरिने छ। साथै बाली उपचार शिविर कार्यक्रमहरु, संचालन गरिनेछ र जौविक विषादी प्रयोगमा जोडदिने नीति लिइनेछ ।

१४. सहरीकरणमा रुपान्तरीत कौशी खेति कार्यक्रमलाई निरन्तरता दिदै लगिनेछ ।

१५. आलुको विउमा अनुदान दिइ उन्नत आलुको विउ उत्पादन गरि श्रोत केन्द्र को रुपमा स्थापना कार्यक्रम थप प्रभावकारी बनाउदै लगिनेछ ।

१६. मसला बालीमा आत्मनिर्भर बनाउनलाई मसला बाली प्रवर्द्धनका कार्यक्रमहरु थप प्रभावकारी बनाउदै लगिनेछ ।

१७. कृषि लाई आधुनिकिकरण तर्फ लैजानलाई कृषि यन्त्रीकरण कार्यक्रमलाई थप प्रभावकारी बनाउदै लगिनेछ ।

१८. सञ्चालित कार्यक्रमहरुमा पारर्दर्शिता, जवाफदेहिता, निश्पक्षताका लागि नागरिक बडापत्र, टोल फ्रि सचालन, किसान सहायता कक्ष, गुनासो सुनुवाई, सार्वजनिक सुनुवाई, सार्वजनिक लेखापरीक्षण, अनुदानको विवरण सार्वजनिकिकरण जस्ता सुशासन अभिवृद्धिका कार्यक्रमहरु लाई थप ब्यबस्थित बनाउदै लगिनेछ ।

१९. राष्ट्रिय कृषि नीति २०६१, कृषि व्यवसाय प्रवर्द्धन नीति २०६३, कृषि विकास रणनीति (Agriculture Development Strategy), नगर योजनाको आधारपत्रले निर्देशित गरे अनुसारका प्रतिफल र उपलब्धी हाँसिल गर्ने कार्यक्रम संचालन गरिनेछ ।

२०. पहिचान भएका बाली आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा सहयोग पुग्ने बाली वस्तुको पकेट क्षेत्र विकास एवं विस्तारका कार्यक्रम साथै व्यवसायिकरण तथा बिबिधीकरण गर्न सहयोग पुग्ने कार्यक्रम गर्ने । कृषि नमूना फार्म स्थापना मार्फत अर्गानिक कृषि प्रसारलाई बहुआयामिक क्षेत्र विकास गर्न कृषि नमूना फार्म स्थापना कार्यक्रम संचालन गर्ने कार्यमा संघ तथा प्रदेश सरकारसंग समन्वय गरी कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।

२१. कृषि कार्यक्रम तर्जुमाका आधारको रुपमा तथ्याङ्क प्रणाली विकास गर्न तथ्याङ्क संकलन र प्रशोधनका लागि कार्यक्रम गरिनेछ ।

२२. पिछडिएका र सिमान्तकृत समूदाय लक्षित आय आर्जनका कार्यक्रमहरु संचालन गरिनेछ ।

२३. बाली तथा पशुधन विमा बारे संयूक्त रुपमा जनचेतना अभिवृद्धि सम्बन्धि कार्यक्रमहरु संचालन गरिनेछ।

२४. सामूहिक कृषि उत्पादन र बजारीकरणमा संलग्न उत्पादनमूलक कृषि सहकारीलाई प्रोत्साहित गर्ने कार्यक्रम संचालन गरिनेछ ।

२५. पथरी शनिश्चरे नगरपालिका तथा वडाले संचालन गर्ने कृषि कार्यक्रमलाई यसै निति अनुरुप संचालन गरिनेछ ।

२६. संघ , प्रदेश तथा स्थानिय तहवाट एक पटक अनुदान लिसकेपछी कुनै पनि कृषक, समुह, सहकारी तथा फर्मले १ वर्ष सम्म नगरको अनुदान लिन नपाईने गरि निति बनाईनेछ जस्ले गर्दा नेपाल सरकारको अनुदानमा सबै कृषक, समुह, सहकारी तथा फर्मको पहुँच हुनेछ।

२७. कृषि पेशा / व्यवसायमा संलग्न रहेका किसानले नेपाल सरकारबाट उपलब्ध हुने अनुदान र सहायता प्राप्त गर्नका लागि किसान सूचीकरण संकेत नम्बर अनिवार्य रहेकोले किसान सूचिकरण प्रणालीमा कृषकहरु लाई आवद्ध गराईने छ ।

२८. नगरमा मौजुदा रासायनिक मल तथा विषादी बिक्री वितरण गर्ने डिलरहरुलाई नियमनमा ल्याईनेछ।

पशुपन्छी तथा मत्स्य विकास

१. पशुपन्छी सेवा संचालनका लागि निर्देशिका/कार्यबिधिहरु बनाउनलाई प्राथमिकता दिईनेछ साथै नगरको चालु आ.व को नीति तथा कार्यक्रमले निरन्तरता पाउने गरी कार्यक्रम गरिदै लगिनेछ

२. दिगो विकासका लक्ष्य (Sustainable Development Goals) हासिल गर्नमा सहयोग पुग्ने किसिमका कार्यक्रमहरुलाई उच्च प्राथामिकताका साथ कार्यन्वयन गरिदै लगिनेछ ।

३. गरीबि न्यूनिकरणमा सहयोग पुऱ्याउने, तत्काल रोजगारी उपलब्ध गराउने, छोटो समयमा सम्पन्न भई बढी प्रतिफल दिने, कम लगानीवाट बढी जनसंख्यालाई लाभ पुग्ने, पिछडिएका र सिमान्तकृत समूदाय लक्षित कार्यक्रमलाई प्राथमिकताका साथ कार्यक्रम संचालन गरिने नीति लिईनेछ ।

४. संघ र प्रदेशबाट सञ्चालित आयोजनाहरुसँग समन्वय गरिने नीति लिईनेछ ।

५. पशु स्वास्थलाई ध्यानमा राख्दै नगर पशु अस्पताल र पशु सेवा केन्द्रमा उचित प्राविधिक जनशक्ति को व्यवस्थापन गर्दै पशुपन्छी उपचार सेवालाई निःशुल्क रुपमा संचालन गर्दै साथै वडामा बाझोपन निवारण शिविर संचालन गर्दै लगिनेछ ।

६. पशुपन्छी तथा माछा पालन प्रवर्द्धनका लागि नयाँ गोठ/खोर/पोखरी निर्माण, पुरानो गोठ/खोर/पोखरी मर्मत सुधार तथा ब्यवस्थापन, मत्स्य ह्याचरी र नर्सरी स्थापना, सञ्चालन तथा ब्यवस्थापन र सम्भाब्यताको आधारमा पशु र माछा पालन कार्यक्रमहरु संचालन गरिनेछ ।

७. पशुपंक्षीपालन तर्फ उन्नत नश्ल गाई ,भैसी ,बंगुर तथा बाख्रा उत्पादन तथा प्रयोग, पशु प्रजनन्, पशु स्वास्थ्य र आहार व्यवस्थापन कार्यक्रमलाई थप प्रभावकारी रुपमा कार्यन्वयन गरिदै लगिनेछ ।

८. जुनोटिक रोग बारेमा मा.वि.स्कुलका छात्रछात्राहरुलाई स्कुल शिक्षा दिने कार्यक्रमलाई थप विस्तार गरिदै लगिनेछ ।

९. पशुपन्छी तथा मत्स्य पालन प्रबिधिमा विकास पथरी शनिश्चरे नगरमा रोजगारीको निकास भन्ने नाराका साथ युवा वर्ग तथा नव यूवा बर्ग (विदेशबाट फर्केका र स्वदेशमा कृषि उद्यम गर्न चाहने) लाई लक्षित गरी मत्स्यपालन, पशुपन्छी पालन, प्रशोधन, बजारीकरण आदि कार्यक्रमहरुमा मेशिनरी सामाग्रिमा अनुदान दिदै समावेश गरिदै लगिनेछ ।

१०. FMD, PPR, Swine Fever, रानीखेत, लम्पी स्किन डिजिज (एलएसडी) तथा रेविज लगायत वेलावेलामा देखा पर्ने पशुपंक्षी जन्य महामारी आदि रोगहरुको व्यवस्थापनको लागि खोप कार्यक्रम संचालन गरिनेछ , रेविज रोगलाई नगरमा उन्मुलन गर्ने नीति लिईनेछ।

११. एन्टिमाईकोबियल्स/ एन्टिबायोटिक्सिको प्रयोग बारे जनचेतना अभिवृद्धिका लागि तालिम तालिम कक्ष निर्माण प्रचार प्रसार सम्बन्धि कार्यक्रमहरु संचालन गरिनेछ ।

१२. गोबर परीक्षण, पिसाव परीक्षण, दुध तथा रगत परीक्षणका लागि प्रयोगशाला निर्माण तथा उपचार कक्षमा सुधार का लागि कार्यक्रम संचालन गरिनेछ ।

१३. दुध तथा मासु उत्पादन बढाउन पशु नश्ल सुधारको लागि कृत्रीम गर्भाधान गर्न बाख्रा ,बंगुर, गाईभैसी लगायतमा तरल नाईट्रोजन ,जमेको वीर्य लगायतका सेवा तथा सामाग्रीहरुको व्यवस्थापन पशु आहारा बिकास तथा प्रवर्द्धनका कार्यक्रमहरु थप प्रभावकारी बनाउदै लगिनेछ ।

१४. पशु संकलन केन्द्र, हाट बजार/बधस्थल थोक बजार स्थापना र सञ्चालन गर्न निजी तथा सहकारी संस्थाहरुको समेत संलग्नता हुने गरि कार्यक्रम संचालन गरिनेछ ।

१५. वडामा माग र भबिश्यमा सम्भाब्यतामा आधारित तत्कालै आम्दानी दिने खालका सिपमूलक पशुपन्छी पालन सम्बन्धि तालिम मात्र संचालन गरिनेछ ।

१६. मासु पसलका, नगरमा मौजुदा कृषि फर्म, भेटेरिनरी औषधी पसलहरुको अनुगमन तथा नियमन कार्यक्रममा थप ब्यबस्थित गरिदै लगिनेछ ।

१७. सामुदायिक कुकुरको बन्ध्याकरण कार्यक्रमलाई थप प्रभावकारी बनाउन पशु नगर अस्पतालबाट नियमित रुपमा बन्धयाकरण सेवा संचालन गर्दै लगिने नीति लिईनेछ ।

१८. कुकुर पालेर सार्वजनिक स्थानमा फोहोर मैला गराउने परिपाटीको नियन्त्रण गराउने नीति लिईनेछ।

१९. पशु बधस्थललाई कार्यन्वयनमा ल्याईने नीति लिईनेछ ।

२०. पथरी शनिश्चरे नगरपालिका तथा वडाले संचालन गर्ने पशुपन्छी कार्यक्रमलाई यसै निति अनुरुप संचालन गरिनेछ ।

२१. विपन्न वर्गका महिलाको पहिचान गरि पशुपालनमा समावेश गराउन (बाख्रा,बंगुर,गाई तथा भैसी लगायत कुखुरा समेत) पालन गराई आयआर्जन गराउने नीति लिईनेछ ।

२२. सरकारी तथा गैह्र सहकारी संस्थाहरु संग साझेदारीमा कार्यक्रम संचालन गरिने नीति लिईनेछ ।

लघु उद्यम विकास

१. नगरमा रहेका औधोगिक क्षेत्रको पहिचान तथा उधोगको तथ्यांक ब्यवस्थापन गरिनेछ ।

२. फर्म उद्योग स्थापना गर्दा प्राकृतिक वातावरणीय परिक्षण गराई स्थापना गर्ने कार्यको थालनी गरिनेछ ।

३. उद्योग धन्दामा कार्यरत प्राविधिक तथा अप्राविधिक जनशक्तिहरु नगरक्षेत्रमा नै उत्पादन गरी स्वरोजगार श्रृजना गर्न यूवा स्वरोजगार तालिम संचालन गरिनेछ ।

४. नगरक्षेत्रमा नयाँ उद्योग स्थापना गरी संचालन गर्ने उधोगले कम्तिमा २० जना वा सो भन्दा माथी स्थानिय श्रमिकलाई रोजगारी सृजना गरेमा नगरले २ बर्षसम्मको स्थानीय कर छुट दिईने नीति लाई निरन्तरता दिईनेछ।

५. उद्यम शिलता विकास तालिम प्रदान गराउन लक्षित बर्गको पहिचान देखि मेडपा मोडलमा कार्यक्रम संचालन गर्ने नीति लिईनेछ ।

६. नगरमा रहेका पुराना उद्यमीहरुको आवश्यक्ता र मागका आधारमा मेडपा मोडलमा स्तरोन्नती कार्यक्रम संचालन गर्ने नीति लिईनेछ ।

७. बैदेशिक रोजगारबाट फर्केका र स्थानीय ईच्छुक यूवाहरुलाई समूहमा आबद्ध गराई प्रदेश तथा संघबाट पाउने सेवा सुविधा प्रदान गर्नुको अतिरिक्त नगरले समेत समूहमा उधोग ब्यबसाय संचालन गर्नका लागि कार्यक्रम गर्ने नीति लिईनेछ ।

८. नगरमा रहेका सबै खाले श्रमिकको पञ्जीकरण तथ्यांक अत्याबधिक गरिनेछ ।

९. विभिन्न कारणले श्रमिकको ब्यबसायमा विस्थापित हुने संभावनालाई मध्यनजर राखी सम्भब भएसम्म नगरले उपयूक्त स्थानमा ब्यबस्थापन गर्ने नीति लिईनेछ ।

१३. सिप परिक्षणका लागि प्राविधिक शिक्षा तथा ब्यबसायिक तालिम परिषद प्रशेश न.१ संग समन्वय गरि कार्य गरिने नीति लिईनेछ ।

१४. महिला उद्यमीको लागि सहुलियत ऋणमा पहुच बढाउने नीति लिईनेछ ।

<u>स्वास्थ्य तर्फ</u>

१. बालबालिकाहरुको पूर्ण खोप पाउने अधिकारलाई सुनिश्चित गर्दै पूर्ण खोप सुनिश्चित नगर घोषणा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२. खोप सेवाको पहुँचलाई जनताको घरदैलो सम्म पुऱ्याई सेवाको उपभोग बढाउन नयाँ स्थापना भएका ७ ओटा आधारभुत स्वास्थ्य केन्द्रहरु मार्फत पनि खोप सेवा लाई अझ व्यवस्थित गर्दै लगिनेछ ।

३. खोप सामाग्री तथा भ्याक्सिनहरु निर्माण स्थल देखि १० ओटै स्वास्थ्य संस्था मार्फत सेवा ग्राही सम्म पुग्दा गुणस्तरको कमीहुन नदिन र खोपबाट हुने अबान्छित घटनाहरुलाई कम गर्न खोप तथा सामाग्रीहरुको उचित भण्डारण, ढुवानी गर्दा लाग्ने लागत र प्रयोग गरिने सामाग्रीहरुको उचित ब्यबस्था गरिनेछ ।

४. पहिचान भएका अतिशीघ्र, शीघ्र कुपोषण, कडा श्वासप्रश्वासका रोगी र क्षयरोगी भएका घरका १५ बर्ष मुनिका बालबालिकामा क्षयरोगको पहिचानको पँहुचमा ल्याईनेछ ।

५. बिद्यालय पोषण कार्यक्रमलाई निरन्तरता दिई बिद्यालयहरुलाई क्रमश किशोर किशोरी मैत्री बिद्यालय घोषणा (महिनावारी स्वच्छन्दता ब्यबस्थापनका लागि निःशुल्क सेनिटरी प्याड वितरण समेत) गरिदै लगिनेछ ।

६. क्षयरोगको उच्च जोखिममा रहेको पथरी शनिश्चरे नगरपालिकालाई राष्ट्रिय क्षयरोग कार्यक्रमको सन् २०५० सम्मको दीर्घकालिन लक्ष्य अनुसार प्रति १ लाख जनसंख्यामा १ भन्दा कम क्षयरोगी हुने अबस्थामा पुऱ्याई जनस्वास्थ्यको समस्याको रुपमा रहन नदिन आबश्यक कार्यक्रमहरु संचालन गर्दै लगिनेछ जसका लागि नयाँ क्षयरोगका बिरामी खोजी गरि उपचारको दायरामा ल्याउन बिभिन्न सहयोगी संस्थाहरुसंग हातेमालो गरिनेछ ।

७. भबिश्यमा देखापर्ने Latent TB लाई रोकथाम तथा न्यूनीकरण गर्न क्षयरोगीका घरमा भएका भएका ५ बर्ष मुनिका बच्चाहरुलाई प्राथमिकतासाथ तीन महिना सम्म Rifampicin र Isoniazide औषधि खुवाउने कार्यक्रमलाई निरन्तरता दिने ।

८. कुष्टरोगको Prevelance दर प्रति १०००० मा १ भन्दा कम को अबस्थामा ल्याउन नयाँ कुष्टरोगी पत्ता लगाई उपचारको दायरामा ल्याउने र कुष्टरोगी खोजपड्ताल घरदैलो अभियान कार्यक्रमलाई निरन्तरता दिदै LPEP कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

९. पथरी नगर अस्पताललाई १५ बेडको अस्पतालमा संचालनलाई निरन्तरता दिदै न्यूनतम सेवा मापदण्डका सूचकको आधारमा सेवा बिस्तार गरिदै लगिनेछ ।

१०. नगर अस्पतालमा सञ्चालित ल्याब सेवालाई थप सुविधा सम्पन्न बनाउनको लागि आबश्य कर्मचारी ब्यबस्थापन सहित आबश्यक सामाग्री तथा उपकरणहरुको आश्यकता अनुसार ब्यबस्थापन गर्दै लगिनेछ ।

११. जेष्ठ नागरिकको स्वास्थ्यसंग नगरपालिका कार्यक्रमलाई प्रभावकारी तथा सेवामुखी बनाउँदै लगिने छ ।

१२. नगर भित्रका आर्थिक रुपले अति विपन्न परिवारहरुलाई वडाको सिफारिसमा निःशुल्क स्वास्थ्य विमा कार्यक्रममा सहभागी गराउन आ.ब. २०८०/८१ मा आवश्यक रकम विनियोजन गरी अति विपन्न घरपरिवारलाई नयाँ वीमा र वीमा नवीकरण गरी स्वास्थ्य विमा कार्यक्रम लाई निरन्तरता दिइनेछ ।

१३. ९ प्रकारका दीर्घरोगीहरुलाई प्रदान गरिदै आएको रु १५००० हजार आर्थिक सहयतालाई आर्थिक वर्ष २०८०/८१ मा पनि निरन्तरता दिईने छ ।

१४. पथरी शनिश्चरे नगरपालिका अन्तर्गतका आङ्ग खस्ने तथा फिस्टुलाका समस्या भएका महिलाहरुको पहिचान गरी उपचारको ब्यवस्था मिलाई क्रमश आङ्ग खस्ने समस्या मुक्त नगरपालिका घोषणा गर्ने नयाँ नीति लिइनेछ ।

१५. भि. आई. ए. परीक्षणबाट पाठेघरको मुखको क्यानसर स्क्रिनिङ गरि सम्भावित पाठेघरको मुखको क्यानसर भएका महिलाहरुको उपचार गरिने छ । साथै स्तन क्यान्सरको समेत पहिचान गरि उपचारको ब्यवस्था गरिनेछ ।

१६. COVID 19, डेङगु, मलेरिया, कालाजार जस्ता महामारी रोगहरुलाई ब्यवस्थापन तथा न्यूनिकरण गर्न आवश्यक ब्यबस्था गरिनेछ ।

१७. नगर भित्रका गर्भवति महिलाहरुलाई र नवजात शिशुहरुलाई किट जन्य रोगहरुको संक्रमणबाट जोगाउन किटनाशक झुलको वितरण गरिने कार्यक्रमलाई निरन्तरता दिईने छ ।

१८. गर्भवति अवस्थामा क्यालसियमको कमी हुन नदिनका लागि गर्भवति महिलाहरुलाई निःशुल्क क्यालसियम चक्की वितरण गरिने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१९. महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई प्रदान गरिदैं आएको यातायात खर्च लाई क्रमशः वृद्धि गर्दै लान आबस्यक नीतिहरु अवलम्बन गरिनेछ ।

२०. ६० वर्ष नाघेका महिला स्वास्थ्य स्वयं सेविकाहरुको सम्मान जनक विदाई कार्यक्रममा प्रदान गरिदै आएको प्रति स्वयं सेविका रु. ६०,०००।–रकम लाई बृद्धि गरी रु ७००००।–प्रदान गरिनेछ ।

२१. नगरका कुनै पनि जनता, निशुल्क प्राप्त हुने औषधि बाट बञ्चित हुन नपरोस भन्नका लागि पर्याप्त निशुल्क औषधि तथा उपकरण खरिदका लागि वजेट विनियोजन गरिने छ ।

२२. नसर्ने रोगहरुको जोखिमलाई नियन्त्रण गर्न जनचेतना मुलक कार्यक्रमहरु संञ्चालन गरिनुका साथै यस्ता रोगहरुलाई सम्बोधन गर्न निःशुल्क स्वास्थ्य शिविरहरु सञ्चालनमा गरिनेछ ।

२३. स्वास्थ्य शिक्षा तथा सूचना कार्यक्रम अन्तर्गत विद्यालयहरुमा विभिन्न विषयहरुमा कक्षा संञ्चालन गर्नुका साथै आमा समूहमा स्वास्थ्य सम्बन्धि ब्यवहार परिवर्तनका सीप तथा ज्ञान र धारणाहरुको बिकास हुने कार्यक्रम सञ्चालन गरिनेछ ।

२४. स्वास्थ्यका राष्ट्रिय कार्यक्रमहरु प्रभावकारी सेवामुलक र परिणाममुखी बनाई निर्धारित लक्ष्य हासिल गर्न प्राथमिकताका साथ आवश्यक क्रियाकलापहरु गरिनेछ ।

२५. स्वास्थ्य संस्थाजन्य फोहरमैलाको उचित ब्यबस्थापन गर्न Health Care Waste Management Guideline २०१४ अनुसार कार्य योजना निर्माण गरी कार्यान्वयन गर्ने नीति लिईने छ ।

२६. स्वास्थ्यकर्मीहरुको सेवालाई गुणस्तर युक्त बनाउन विभिन्न विषयमा क्षमता अभिवृद्धि गर्ने खालका तालिमहरुको आयोजना गरिनेछ ।

२७. नगरपालिकाद्वारा सञ्चालित स्वास्थ्यका विभिन्न कार्यक्रमहरुको त्रैमासिक, चौमासिक, अर्ध वार्षिक र वार्षिक समिक्षा गरिने ब्यवस्था मिलाईने छ ।

२८. आयुर्वेद औषधालय, होमियोप्याथी उपचार पद्धति तथा प्रकृतिक चिकित्सा पद्धति जस्ता स्वास्थ्यमा आवद्ध उपचार पद्धतिहरुलाई एकिकृत स्वास्थ्य कार्यक्रमको दायरामा ल्याई सेवा बिस्तार र सञ्चालन गर्न आबस्यक कदम चालिनेछ ।

२९. निजि अस्पताल, क्लिनिक , फार्मेशी , ल्याव सेवा , डाइगनोष्टीक सेन्टर आदिबाट प्रदान गरिने स्वास्थ्य सेवाहरुलाई गुणस्तरीय तथा सेवामुखी र सर्वसाधरणले ब्यहोर्न सक्ने सेवा प्रवाहका लागि अनुगमन तथा नियमन गरी एएए पद्धतिको नीति लिईने छ ।

३०. यस नगरपालिका भित्र रहेका कुष्टरोग तथा अन्य कारणले अपाङ्गता भएका ब्यक्तिहरुलाई उपचारमा सहुलियत र साहायक सामग्रीहरु निःशुल्क रुपमा वितरण गर्ने ब्यवस्था मिलाईने छ ।

३१. स्वास्थ्य संस्थामा कार्यरत सेवाप्रदायक र सेवाग्राहीहरुबीच र सेवा प्रदान गर्दा हुन सक्ने संक्रमणको रोकथाम तथा जोखिम न्यूनीकरणका लागि ब्यक्तिगत सुरक्षा सामग्रिहरुको आबस्यक ब्यवस्था गरिनेछ ।

३२. स्वास्थ्यमा कार्यरत कर्मचारीहरुको लागि (Health Hazard) जोखिम भत्ता प्रदान गर्नका लागि मार्ग निर्देशन तयार गरिने छ ।

३३. नगर भित्रका ७० वर्ष भन्दा माथिका जेष्ठ नागरिकहरुलाई प्रदेश नं. १ भित्रको कुनै पनि अस्पतालसम्म उपचारमा जानका लागि एम्बुलेन्स भाडा निः शुल्क गर्ने कार्यलाई निरन्तरता दिन नगर अस्पतालको सिफारिस अनिबार्य गरिनेछ ।

३४. नगर अस्पतालबाट आ. ब. २०८०/८१ मा पनि आकस्मिक सेवा र अन्तरङ्ग सेवाहरुको निरन्तरता दिइनेछ ।

३५. अस्पताल संचालनको लागि आबस्यक कर्मचारी र उपकरण साथै पूवार्धारहरुको विकास गरिने छ ।

३६. नगरबासीहरुलाई कुनै पनि अस्पतालमा उपचार गराउदा रगतको आबस्यक परेमा त्यसमा लाग्ने खर्च नगरपालिकाबाट भुक्तानी दिने ब्यबस्था मिलाईने छ ।

३७. नगर भित्रका गर्भवती महिलाहरु सुत्केरी गराउन नगर अस्पताल पथरी जानु परेमा निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईने छ र सुत्केरी पश्चात सुरक्षित साथ घर सम्म पुर्याउने ब्यबस्था गरिने छ ।

विधायन सम्बन्धी

१. नगरपालिकाको कार्य संचालनका लागि ऐन, नियमाबली निर्देशिका एवम कार्यविधि बनाउनु पर्ने हुँदा सो का लागि लेखन तथा निर्माण सम्बन्धि कार्यलाई अगाडी बढाईनेछ ।

२. ऐन निर्माण गर्न आबश्यक भएमा ऐनसंग सम्बन्धित सरोकारवालाहरुका रायरसुझावहरु ऐनमा कानूनी भूमिका रहने हुँदा सम्बन्धित सरोकारवाला समूह,संस्था,र ब्यक्तिहरुसंगको अन्तरक्रिया र सुझाव संकलन आदिका आधारमा ऐन, नियमावली, निर्देशिका एवम कार्यविधि बनाउने नीति लिईनेछ।

३. ऐन कानून बन्नका लागि बनाउने मात्र नभई त्यसले नगरको समग्र जीवनमा दिर्घकालीन प्रभाव र महत्व पनि राख्ने हुदा यस्तो जटिल कार्यमा विषयगत कानूनी विज्ञहरुसँग परामर्श सहयोग लिन पर्नेहुदाँ विषयगत समितिलाई कानूनी विज्ञबाट सहयोग लिने नीति अवलम्बन गरिनेछ ।

४. स्थानीय सरकारलाई आवश्यक पर्ने सबै ऐन, नियमावली , कार्यविधी, निर्देशिका लगायतका कानून निर्माण गरिसक्ने नीति लिइनेछ ।

प्रधानमन्त्री रोजगार

१) १०० दिनको रोजगारी (रोजगार सृजना) अन्तर्गत निर्माण पुनःनिर्माण कार्यमा लगाइने छ (नेपाल सरकार)

२) ५० दिन तालिम र ५० दिन सोहीतालिम उपयोगी काम गरी जम्मा १०० दिनको रोजगारी (युवा रोजगार रुपान्तरण कार्यक्रम (आइ.डी.ए.)मार्फत मर्मत तथापुनःनिर्माण कार्यमा लगाइने छ

३) बेरोजगार दर्ता गरि सुचिकृत बेरोजगारको अभिलेख राख्ने काम गरिने छ

४) रोजगार दाताहरुको अभिलेख राखी आवश्यक श्रमिकको पुर्ति गर्न सहयोग गरिने छ

५) बैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको बैदेशिक श्रम स्वीकृति लिन मद्धत गर्ने साथै अभिमुखीकरण तालिम, स्वस्थ परिक्षण तथा अन्य सहयोगहरु सम्बन्धि जानकार गराई उक्त प्रक्रियामा जान प्रोत्साहन तथा मद्धत गरिने छ।

६) रोजगार नक्सांकन गरि यस नगरपालिकामा आवस्यक तालिम र व्यवसाय सृजना गर्न पहल गर्ने तथा बेरोजगारको संख्या न्युन गरिने छ

७) बैदेशिक रोजगारमा आबद्ध परिवारलाई उचित सर सल्लाह सहितको अभिमुखीकरण कार्यक्रम गरि आयको सहि उपयोग र बचत बारे जानकार गराइने छ ।

८) आन्तरिक रोजगारीको लागि कृषिमा लगानी कार्यक्रम चलाइने छ ।

९) स्थानीय रोजगार रणनिति निर्माण गरिने छ ।

सभाध्यक्ष महोदय,

अव म आ.व. २०८०/०८१ को आर्थिक विधेयक सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु।

पथरी शनिश्चरे नगरपालिकाको आर्थिक ऐन , २०८०

पथरी शनिश्चरे नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको

सभाबाट स्वीकृत भएको मिति: २०८०।०३।१० गते

प्रस्तावनाः पथरी शनिश्चरे नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर , दस्तुर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम पथरी शनिश्चरे नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"**पथरी शनिश्चरे नगरपालिकाको आर्थिक ऐन, २०८०**"** रहेको छ ।

